# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः ९ | २०७९ साल असार ३१ गते |
|---|---|---|


## भागः २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गर्भवती तथा प्रसूति महिलालाई एम्वुलेन्स सुविधा निःशुल्क उपलव्ध गराउने सम्वन्धी कार्यविधि-२०७९

**प्रस्तावना :** नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको मिति २०७९/०२/०६ गते पदभार ग्रहणको समयमा गरिएको निर्णयानुसार यस नगरपालिका भित्रका गर्भवती तथा प्रसूति महिला र नवजात शिशुको अकालमा ज्यान जान सक्ने अवस्था विद्यमान रहेको, सुरक्षित प्रसूति सेवा प्रदान गर्ने शिलशिलामा दुल्लू अस्पतालबाट प्रदान हुने सेवा अप्रयाप्त तथा सुरक्षित हुन नसक्ने अवस्थामा दैलेख जिल्ला अस्पताल, प्रदेश अस्पताल सुर्खेत लगायत आवश्यकता अनुसार सो भन्दा उच्च तहको सेवा प्राप्त गर्न उपयुक्त अस्पतालमा त्यस्तो प्रकृतिका विरामीहरुलाई लैजानुपर्ने आकस्मिक अवस्था सृजना भएमा त्यसरी आकस्मिक रुपमा गर्भवती तथा प्रसुति महिलाहरुलाई उपचारका लागि वाहिर लैजानुपर्ने स्थितिमा दुल्लू अस्पतालको सिफारिसमा एम्वुलेन्स प्रयोग गरि विरामीलाई दुल्लू अस्पताल देखि वाहिर लैजाँदा प्रयोग हुने एम्वुलेन्स सेवा निःशुल्क गराउने कार्यलाई प्रभावकारी, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि दुल्लू नगर कार्यपालिकाको मिति २०७९।०३।२७ गतेको वैठकवाट "गर्भवती तथा प्रसुति महिलालाई यातायात सुविधा निःशुल्क उपलव्ध गराउने सम्वन्धी कार्यविधि-२०७९" पारित गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "गर्भवती तथा प्रसूति महिलालाई एम्वुलेन्स सुविधा निःशुल्क उपलव्ध गराउने सम्वन्धी कार्यविधि-२०७९" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आर्थिक प्रशासन शाखा" दुल्लू नगर कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा सम्झनु पर्दछ ।

(ख) "आधारभूत स्वास्थ्य तथा सरसफाई इकाई" दुल्लू नगर कार्यपालिकाको कार्यालयको आधारभूत स्वास्थ्य तथा सरसफाई इकाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले दुल्लू नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले दुल्लू नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "दुईतर्फी" भन्नाले गर्भवती तथा प्रसूतिमहिलालाई दुल्लू नगरपालिकाका स्वास्थ्य संस्था प्रमुखले थप उपचारको लागि रिफर गरेको स्थानसम्म तथा सो स्थानवाट सम्वन्धित व्यक्तिको घर सम्म पुऱ्याउने कार्य सम्झनु पर्दछ ।

(च) "नगर प्रमुख" भन्नाले दुल्लू नगरपालिकाका नगर प्रमुख सम्झनु पर्दछ

(छ) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) "नगर सभा" भन्नाले दुल्लू नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुल्लू नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ ।

(ञ) "व्यवस्थापकीय कार्य" भन्नाले सम्वन्धित लाभग्राहीहरुको निवेदन संकलन गर्ने, आवश्यक कागजातहरु पुगे नपरगेको रुजु गर्ने, भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृत ज्यू समक्ष सिफारिस गर्ने तथा लाभग्राहीहरुको अभिलेख दुरुस्त राखी प्रतिवेदन गर्ने लगायतका कार्यहरु सम्झनु पर्दछ ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले दुल्लू नगरपालिका भित्र रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी तथा दुल्लू अस्पताललाई समेत सम्झनु पर्दछ ।

३. **उद्देश्य** : यस नगरपालिका क्षेत्र भित्रका गर्भवती तथा प्रसूति महिलाहरुलाई सुरक्षित प्रसूति सेवा प्रदान गर्ने शिलशिलामा यस नगर पालिका अन्तरगतका स्वास्थ्य संस्था (दुल्लू अस्पताल लगायत) वाट प्रदान हुने सेवा प्रयाप्त तथा सुरक्षित हुन नसक्ने अवस्थामा निजहरुलाई सुरक्षित प्रसूति सेवाको लागि अस्पतालले समेत रिफर गरि नगरपालिका क्षेत्र वाहिर लैजानु पर्ने अवस्था भएमा त्यस्ता व्यक्तिहरुलाई निःशुल्क यातायात सुविधा प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्नु यस कार्यविधिको मुख्य उद्देश्य रहेको छ ।

४. **सुविधा प्रदान गर्न सक्ने** : (१) यस नगरपालिका क्षेत्र भित्रका गर्भवती तथा प्रसूतिमहिलाहरुलाई सुरक्षित प्रसूतिसेवा प्रदान गर्ने शिलशिलामा यस नगर पालिका अन्तरगतका स्वास्थ्य संस्था (दुल्लू अस्पताल लगायत) वाट प्रदान हुने सेवा प्रयाप्त तथा सुरक्षित हुन नसक्ने अवस्थामा निजहरुलाई सुरक्षित प्रसूति सेवाको लागि यस नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरु (दुल्लू अस्पतालले समेत) ले रिफर गरी नगरपालिका क्षेत्र वाहिर लैजानु पर्ने अवस्था भएमा त्यस्ता व्यक्तिहरुलाई यस कार्यविधि बमोजिम रिफर गरिएको स्थान सम्मको दुईतर्फी सुविधा उपलव्ध गराउन सकिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको सुविधा उपलव्ध गराउँदा दुल्लू अस्पतालको सिफारिसमा यस नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई इकाईले तोकेको अस्पतालको कर्मचारीलाई पेश्की प्रदान गरिनेछ,

(३) उप दफा (२) बमोजिम तोकिएको कर्मचारीले देहायको मध्ये कुनै एक विधिको अवलम्वन तत्काल यातायातको व्यवस्था गरी रिफर गरिएको व्यक्तिलाई रिफर गरिएको स्थान सम्म पुऱ्याउने र प्रसूति सेवा प्राप्त गरिसके पश्चात सो स्थानवाट निजको घर सम्म पुऱ्याउने समेत व्यवस्था गर्नुपर्ने छ ।

(क) उपलव्ध भएसम्म नगरपालिका तथा मातहतका निकायहरुको स्वामित्वमा रहेको एम्वुलेन्स मार्फत सेवा प्रदान गर्ने ।

(ख) नगरपालिका तथा मातहतका निकायहरुमा एम्वुलेन्स उपलव्ध नभएमा अन्य निकायसँगको समन्वयमा एम्वुलेन्स व्यवस्था गर्ने ।

(ग) कुनै पनि निकायवाट एम्वुलेन्स सेवा उपलव्ध हुन नसकेमा व्यक्तिगत भाडाको वोलेरो जिप प्रयोग गरेर भए पनि तत्काल सेवा उपलव्ध गराउईने छ । तर यस खण्ड बमोजिम सुविधा उपलव्ध गराउँदा सम्वन्धित स्थान सम्म एम्वुलेन्सले लिने भाडादर भन्दा वढि भाडा उपलव्ध गराउन सकिने छैन ।

उल्लेखित खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाको रिफर बिना स्वैच्छिक तवरले नगरपालिका क्षेत्र वाहिर गई प्रसूतिसेवा लिने नागरिकलाई यस कार्यविधि बमोजिम सुविधा उपलव्ध गराईने छैन ।

(४) उपदफा (२) बमोजिम तोकिएको कर्मचारीले पेश्की लगेको रकम खर्च हुनासाथ यस कार्यविधिको दफा ६ मा उल्लेखित आवश्यक प्रक्रियाहरु पुरा गरी पेश्की फर्छ्यौट गरि तुरुन्त अर्को पेश्की लिनु पर्नेछ भने यदि पेश्की रकम वचत नभएको अवस्थामा पनि पछि भुक्तानी लिने गरी यस कार्यविधि बमोजिमको सुविधा उपलव्ध गराउनु पर्नेछ । यदि तत्काल भरपाई गरि सुविधा प्रदान गर्ने अवस्था नभएमा सम्वन्धित लाभग्राहीको खातामा रकम ट्रान्फर गरेको प्रमाण संलग्न गर्न सकिनेछ ।

(५) सुविधा प्राप्त गर्ने व्यक्ति नगरपालिका क्षेत्रमा स्थायी वसोवास भएको नगरपालिकाको नागरिक हुनुपर्नेछ ।

(६) सुविधा प्राप्त गर्ने व्यक्तिले सुविधा प्राप्त गर्नु पूर्व सुविधा प्राप्त गरिसके पश्चात कार्यविधिको दफा ६ बमोजिमको प्रक्रिया तथा कागजातहरु पुरा गर्नुपर्नेछ ।

५. **बजेट व्यवस्थापन** : यस कार्यविधि बमोजिमको सुविधा उपलव्ध गराउन नगरपालिकाको वार्षिक कार्यक्रममा "**गर्भवती महिलाको लागि निशुल्क एम्वुलेन्स सेवा**" शिर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरिनेछ । उल्लेखित शीर्षकमा वार्षिक रुपमा विनियोजित वजेट नपुग हुने अवस्थामा जनतासँग नगर प्रमुख कार्यक्रमवाट यस कार्यविधि बमोजिमको रकम भुक्तानी गरिनेछ । यदि उल्लेखित शीर्षकमा पनि रकम उपलव्ध हुन नसेकमा विषयवस्तुको गाम्भिर्यतालाई मध्यनजर गरी लगत्तै वस्ने नगर सभाको वैठकवाट अनुमोदन हुने गरी कार्यपालिकावाट आवश्यक वजेट रकमान्तर गर्न सकिनेछ ।

६. **सुविधा प्राप्त गर्न गर्नुपर्ने प्रक्रिया** : (१) यस कार्यविधि बमोजिम सुविधा प्राप्त गर्ने नागरिकले सुविधा लिनुपर्ने अवस्था भएमा लाभग्राही स्वयम् वा निजको एकाघरको सदस्यले कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम तोकिएको कर्मचारी समक्ष सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले जारी गरेको रिफरल कार्डको छाँयाप्रति संलग्न राखि अनुसूची १ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

तर अकस्मात् रिफर गरिएको स्थानतिर हिड्नु पर्ने अवस्थामा निवेदन पछि दिएमा पनि फरक पर्ने छैन ।

(२) लाभग्राहीको निवेदन प्राप्त भएपछि तोकिएको कर्मचारीले कार्यविधिको दफा ३ को उपदफा ३ मा उल्लेखित मध्ये उपयुक्त तथा उपलव्ध विधिको प्रयोग गरी सेवा उपलव्ध गराउनु पर्नेछ ।

(३) दफा ४ को उपदफा ३ बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिले सम्वन्धित स्वास्थ्य संस्थाले जारी गरेको वच्चाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी साधनको विलवुक तथा सवारी चालकको अनुमतिपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

७. **भुक्तानी सम्वन्धी व्यवस्था** : यस कार्यविधि बमोजिमको सुविधा कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम तोकिएको कर्मचारीलाई पेश्की उपलव्ध गराई प्रदान गरिनेछ भने तोकिएको कर्मचारीले यस कार्यविधिको विभिन्न दफाहरुमा उल्लेखित कागजातका अतिरिक्त अन्य प्रचलित कानूनमा उल्लेख गरिएका कागजातहरु संलग्न राखी अनुसूची २ बमोजिमको प्रतिवेदन सहित पेश्की फार्छ्यौट गर्नुपर्नेछ ।

८. **अभिलेख तथा प्रतिवेदन सम्वन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम प्रदान गरिएको सुविधा सम्वन्धी अनुसुचि २ बमोजिमको अभिलेख राख्ने तथा सो को चौमासिक प्रगति नगर कार्यपालिकाको वैठकमा पेश गर्ने लगायतका अन्य व्यवस्थापकीय कार्यहरुको जिम्मेवारी कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम तोकिएको कर्मचारीको हुनेछ ।

९. **संशोधन गर्न सक्ने** : यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१०. **वाधा अड्काउ फुकाउ अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

११. **स्वतः खारेज हुने** : यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्वन्धित)

निःशुल्क एम्वुलेन्स सेवा प्राप्तिका लागि दिनुपर्ने निवेदनको ढाँचा

मिति : ............./......./........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

दुल्लू नगर कार्यपालिकाको कार्यालय, दुल्लू, दैलेख ।

विषय : निःशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराई पाँऊ ।

महोदय,

प्रस्तुत विषयमा दुल्लू नगरपालिका वडा नं. ....... निवासी, .......................... को वुहारी, ............................. को पत्नी म वा ............................... सुरक्षित प्रसूति सेवाको लागि मिति .................मा .................................... स्वास्थ्य संस्थामा गएकोमा उक्त स्वास्थ्य संस्थाले म वा ............................ लाई थप उपचारको लागि .................................... मा रिफर गरेकोले ............................... स्वास्थ्य संस्थाले गरेको रिफरल कार्डको प्रतिलिपि यसैसाथ संलग्न राखि तहाँ कार्यालयको नियमानुसार प्रदान हुने निःशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदक

नाम :

ठेगाना :

लाभग्राहीसँगको नाता :

हस्ताक्षर :

मिति :

## अनुसूची–२
(दफा ८ सँग सम्वन्धित)

### नि:शुल्क एम्वुलेन्स सेवा प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख

| क्र.स. | लाभग्राहीको नाम | ठेगाना | वर्गीकृत जातजाति | रिफर गर्ने स्वास्थ्य संस्था | रिफर गरिएको स्वास्थ्य संस्था | रिफर गरिएको मिति | सेवा लिएको मिति | | प्रयोग गरिएको साधन | भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गएको | फर्केको | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |



आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/०३/३१